नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(आर्थिक प्रशासन शाखा)

पत्र संख्या : २०७८/०७९

चलानी नं. : १२९

मिति:- २०७८/०७/२३

विषय:- खरिद सम्झौताको म्याद थप सम्वन्धमा ।

श्री मन्त्रालय अन्तरगतका विभाग/समिति/प्रतिष्ठान सवै।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु सवै ।
श्री स्थानीय तहहरु सवै ।

कोभिड — १९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साविकमा सञ्चालित खरिद सम्वन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसकेको खरिद सम्झौताको म्याद थप सम्वन्धमा यस शाखामा विभिन्न निकायबाट लिखित तथा टेलिफोनवाट सोधनी हुने विषयका सम्वन्धमा, अर्थ मन्त्रालय बजेट तथा कार्यान्वयन महाशाखा सिंहदरवारको च.नं.६६ मिति २०७८/०५/२१ बाट भएको परिपत्र आवश्यक जानकारी तथा कार्यार्थ संलग्न राखि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७८/७/२८

उमेश्वर प्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थ:-
श्री सूचना प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौः - website मा अपलोड गरि दिनु हुन ।

नेपाल सरकार

# अर्थ मन्त्रालय

(बजेट तथा कार्यक्रम महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-२०७८/७९
च. नं.:- ६६

मिति: २०७८/५/२१

विषय: खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा ।

श्री सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय

कोभिड-१९ संक्रमणका कारण बन्दाबन्दी तथा निषेधको आदेश जारी भई साविकमा सञ्चालित खरिद सम्बन्धी ठेक्का सम्झौता बमोजिमका कार्य निर्धारित म्याद भित्र सम्पन्न हुन नसकेकोले खरिद सम्झौताको म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/५/३ को बैठकबाट देहाय बमोजिम निर्णय भएको हुँदा सोही अनुसार कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ।

क. कोभिड-१९ को पहिलो तथा दोस्रो लहर नियन्त्रणको लागि जारी भएको बन्दाबन्दी तथा निषेधको आदेश जारी हुनु पूर्व वा आदेशको अवधिभित्र सम्झौता भएका तर त्यस्तो बन्दाबन्दी वा निषेधको आदेशको कारण काम सम्पन्न हुन नसकेका चालु अवस्थामा रहेका खरिद सम्झौताको म्याद सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनका आधारमा बोलपत्र स्वीकृत गर्ने पदाधिकारीले म्यांद थपको आवश्यकता र औचित्य विश्लेषण गरी नेपाल सरकारलाई थप लागत वा दायित्व नपर्ने र म्याद थप वापत आर्थिक वा अन्य कुनै दायित्व नपर्ने गरी त्यस्तो खरिद सम्झौताको म्याद बढीमा २०७८ साल चैत्र मसान्तसम्म थप गर्ने।

ख. बुँदा (क) बमोजिम म्याद थप गर्नुपर्ने देखिएको सम्झौताको म्याद थप सम्बन्धी निर्णय एक महिनाभित्र गरी सो को जानकारी सम्बन्धित मन्त्रालय, सचिवालय, आयोगको सचिव वा विशिष्ट श्रेणीको पदाधिकारीलाई दिने। सम्बन्धित सचिव वा विशिष्ट श्रेणीको पदाधिकारीले उपर्युक्त बमोजिम समयमा निर्णय गरे नगरेको, सम्झौता म्याद थप भएपछि समयमा काम सम्पन्न भए नभएको, सम्झौता बमोजिमको काम सम्पन्न भएपछि समयभित्र फरफारक गरे नगरेको र काम सम्पन्न नभएका सम्झौताको सम्बन्धमा नियमित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको कारवाही समयमै गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गर्ने र सो को प्रतिवेदन मासिक रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

२०७८/०५/२१

(मातृका नेपाल)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा स.स.म. ४२११९९३, वि.ह.म. ४२११३१६
फयाक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)